**राप्ती गाउँपालिकाका उपाध्यक्ष श्री कमलापती चौधरीज्यूले मिति २०८१।०३।०९ गते गाउँसभामा पेश गर्नु भएको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम**

यस सम्मानित सभाका अध्यक्षज्यू , सभाका सदस्यज्यूहरु ,
राष्ट्रसेवक कर्मचारी,सञ्चारकर्मी तथा आम जनसमुदाय ।

सर्वप्रथम विभिन्न आन्दोलन तथा संघर्षमा जीवन बलिदान गर्नुहुने सम्पूर्ण शहिदहरुप्रति उच्च सम्मानसहित श्रद्धाञ्जली अर्पण गर्दछु । आन्दोलन तथा संघर्षका घाइते, अपाङ्ग, सहिद परिवार, बेपत्ता परिवार प्रति उच्च सम्मान प्रकट गर्दछु ।
आज यो विशेष अवसरमा मलाई राप्ती गाउँपालिकाको उपाध्यक्षको हैसियतले दोस्रो गाउँसभाको पाँचौ अधिवेशनको बैठकमा आगामी आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा म अत्यन्तै हर्षित छु ।
मैले मेरो जीवनको लामो समय कठिन परिस्थितीमा बिताएको हुँ । आज म यस सम्मानित सभा समक्ष उपाध्यक्षको भूमिकामा प्रस्तुत हुँदा मेरो मनमा अपार खुशी र जिम्मेवारी अनुभूति भएको छ । स्थानीय तहको निर्वाचन पश्चात दुई वर्ष जनताको सेवामा समर्पित भई नागरिकको अपेक्षाहरु स्थानीय सरकारले पुरा गर्ने पद्धतिको स्थापना भई यसलाई संघीय लोकतान्त्रिक गणतन्त्रको अवसरको रुपमा लिएको छु ।
शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, उद्यमशीलता, पर्यटन पूर्वाधार विकासलाई प्राथमिकता हुने गरी स्वीकृत भएको आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रमका आधारमा संघीय सरकार, प्रदेश सरकारसँग समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित रही मानवीय पूँजीको विकाससहितको आर्थिक समृद्धि र न्यायपूर्ण समाज निर्माणमा उत्पादनमूखी र नतिजामुखी शासकीय प्रणालीको विकास गर्नु आजको आवश्यकता हो ।
सभाका अध्यक्षज्यू,

संघीय प्रणाली र गणतन्त्रको उपलब्धीको रुपमा महिला, दलित, आदिवासी जनजाती, पिछडिएको क्षेत्र, वर्ग, समुदायका अल्प सङ्ख्यक, खस आर्य समुदायका साथै श्रमजीवि वर्गका नागरिकहरुको राज्य सत्तामा समानुपातिक सहभागीता सुनिश्चित भएको छ । मलाई थाहा छ गरिबीको रेखामुनी रहेका नागरिकको पीडा, त्यसैले नागरिक तहबाट महसुस गर्ने र नजिकको सरकारको अनुभूती दिलाउन विकास, सूशासन र सेवाप्रवाहका क्षेत्रमा नागरिकको सहभागिता वृद्धि गर्न स्थानीय सरकार सदैव प्रतिवद्ध रहेको छ ।
राप्ती गाउँपालिका **"समृद्ध राप्ती; सुखी र खुसी राप्तीवासी"**भन्ने मूल सोचलाई यथार्थमा परिणत गर्न अन्तर सरकार, गैर सरकारी संघ संस्था, नीजि र सहकारी क्षेत्र समेतलाई परिचालन गरी उपलब्ध स्रोत र क्षमताको उपयोग गर्ने लक्ष्य,उद्देश्य,रणनीति र कार्यनीति विकास गर्न आवश्यक छ ।

**सभा अध्यक्ष महोदय**,

१. चालु आर्थिक वर्षको संशोधित आय अनुमान ६२ करोड ३ लाख ८३ हजार भएकोमा हालसम्म ४९ करोड ३८ लाख गरी जम्मा ८० प्रतिशत प्रगती हुन आएको छ । आय तर्फ सघीय सरकार ३० करोड ६९ लाख ५७ हजार, प्रदेश सरकार २ करोड १ लाख ९४ हजार, राजश्व बाँडफाट तर्फ ८ करोड ५७ लाख ५२ हजार, आन्तरिक स्रोतको ९ करोड ५२ लाख ५२

हजार गरी  जम्मा ५० करोड ८१ लाख ५५ हजार आम्दानी भएको छ। संशोधित आन्तरिक राजश्व तर्फको ८९ प्रतिशत प्रगती भएको छ।

२. चालु आर्थिक वर्षको हालसम्म चालु तर्फ संशोधित विनियोजन ४३ करोड ८९ लाख ८२ हजार रहेकोमा  खर्च ३८ करोड ४१ लाख  ८ हजार  गरी ८७.५७ प्रतिशत  प्रगती भएको छ।  चालु आर्थिक वर्षमा पूँजीगत तर्फ संशोधित विनियोजन रकम रु. १८ करोड १४ लाख १ हजार विनियोजन भएकोमा हालसम्म रकम रु. १२ करोड ९४ लाख ९२ हजार गरी ७१.३८ प्रतिशत खर्च भएको छ।

**सभा अध्यक्ष महोदय,**

अब म उल्लेखित खर्चबाट यस अवधीमा भएका मुख्य -मुख्य उपलब्धीहरु पेश गर्दछु।

**शिक्षा,युवा तथा खेलकुद  क्षेत्र**

राप्ती गाउँपालिकाभित्र हाल सामुदायिक २७, धार्मिक ३ र संस्थागत १६ गरी कुल  ४६ वटा विद्यालयहरु रहेकाछन्। शैक्षिक सत्र २०८० मा बाल विकासदेखि कक्षा १२ सम्म सामुदायिक विद्यालय तर्फ ८ हजार ९ सय ४८ जना, संस्थागत विद्यालय तर्फ ६ हजार ८ सय ८४ जना गरी कुल  १५ हजार ८ सय ३२ जना विद्यार्थीहरु अध्ययन गरेका थिए।  राप्ती गाउँपालिकाको  शैक्षिक सत्र २०८० मा बाल  विकास कक्षाको कुल भर्नादर १ सय १८ प्रतिशत, बाल विकास केन्द्रको खुद भर्नादर ८६.७  प्रतिशत रहेको छ। राप्ती गाउँपालिकाको कक्षा एकको कुल भर्नादर १०९.२ प्रतिशत रहेको छ। कक्षा १ को कुल भर्नादर ९६.२ प्रतिशत रहेको छ।  कक्षा १-५ को कुल भर्नादर १२४.५ प्रतिशत रहेको छ भने खुद भर्नादर ९५.३ प्रतिशत रहेको छ। कक्षा ६-८ को कुल भर्नादर १२८.० प्रतिशत रहेको छ भने खुद भर्नादर कक्षा ६-८ को ९३.४ रहेको छ। कक्षा १-८ को कुल भर्नादर  १२६ प्रतिशत रहेको छ भने कक्षा १-८ को खुद भर्नादर ९४.६ प्रतिशत रहेको छ। कक्षा ९-१० को कुल भर्नादर ९१.९ प्रतिशत, खुद भर्नादर ९-१० खुद भर्नादर ७८.१ प्रतिशत रहेको छ। कक्षा ११-१२ को कुल भर्नादर ५६ प्रतिशत रहेको छ भने खुद भर्नादर ३१.४ प्रतिशत रहेको छ। कक्षा ९-१२ को खुरद भर्नादर ५३.३ प्रतिशत रहेको देखिन्छ भने कक्षा ८ को टिकाउदर ८६.८ रहेकोछ ।

२. कक्षा १-५ को उत्तीर्णदर ८५.१ प्रतिशत, कक्षा ६-८ को उत्तीर्णदर ८६.७ प्रतिशत, कक्षा ९-१० को उत्तीर्णदर ९४.२ तथा कक्षा ११-१२ को उत्तीर्णदर ९०.२ प्रतिशत रहेको छ।

३. कक्षा १ मा ३.५ प्रतिशत विद्यार्थी विद्यालय छाड्ने दर रहेको छ। कक्षा १-५ को विद्यालय छाड्ने दर ३.० प्रतिशत रहेको छ। कक्षा ८ को विद्यालय छाड्ने दर ३.३ प्रतिशत रहेको छ। कक्षा ६-८ को छात्राको छोड्ने दर ३.१ प्रतिशत, छात्रको प्रतिशत ३.९ प्रतिशत  र जम्मा ३.५ प्रतिशत रहेको छ। कक्षा ९-१० को विद्यालय छाड्नेदर १.५ प्रतिशत, जसमध्ये छात्रा १.३, छात्र १.७ प्रतिशत रहेको छ। कक्षा ११-१२ को विद्यालय छाड्ने दर ०.६ प्रतिशत रहेको छ।

४. कक्षा १ को कक्षा दोहोऱ्याउने दर ६.७ प्रतिशत, कक्षा १-५ को दोहोर्‍याउने दर ७.५ प्रतिशत, कक्षा ८ को कक्षा दोहोऱ्याउने दर ११.७  प्रतिशत जसमा छात्रा तर्फ १०.९, छात्र १२.५ प्रतिशत रहेको छ।  कक्षा १-८ को कक्षा दोहोर्‍याउने दर ६.४ प्रतिशत रहेको छ जस मध्ये छात्रा ५.८ प्रतिशत र छात्र ६.९ प्रतिशत रहेको छ। कक्षा ९-१० को कक्षा दोहोर्‍याउने दर १.० प्रतिशत रहेको छ जसमध्ये छात्रा ०.५ प्रतिशत, छात्रको १.६ प्रतिशत रहेको छ।

५. कक्षा १-५ को शारीरिक अपाङ्गता भएका विद्यार्थीहरुको सङ्ख्या ११ जना रहेकोमा छात्रा ७  र छात्र ४ जना रहेको छ। ६-८ मा अपाङ्गता भएका विद्यार्थीहरुको सङ्ख्या ६ जना रहेकोमा छात्रा ३ जना छात्र ३ जना रहेको छ। कक्षा ९-१० मा २ जना, ११-१२ मा २ जना रहेको देखिन्छ।

७. राप्ती गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा चालु आ.व .को जेष्ठमसान्तसम्म संघीय सरकार सशर्त अनुदान तर्फ १५ करोड १३ लाख ५० हजार मध्ये कुल खर्च १३ करोड १३ करोड ७२ लाख ५ सय त्रिनब्बे खर्च भई कुल ८६.८० प्रतिशत प्रगती भएको छ। संघीय सरकार सशर्त अनुदान अन्तरगत राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताका लागि विनियोजन भएको एक लाख मध्ये सत प्रतिशत प्रतिशत प्रगती भएको छ।

८. शिक्षा क्षेत्र अन्तरगत प्रविधिमैत्री पूर्वाधार, क्षमता अभिवृद्धि र समुदाय परिचालनको माध्यमबाट शिक्षामा पहुँच, समावेशीकरण र गुणस्तर सुधार परियोजना अन्तरगत विनियोजन भएको रकमको सत्तरी प्रतिशत प्रगती भएको छ।

९. राप्ती गाउँपालिका अन्तरग चालु आर्थिक वर्षको जेठ मसान्तसम्म सामुदायिक विद्यालयमा बाल शिक्षादेखि कक्षा १० सम्म निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनसमेतका लागि ६ करोड ३७ लाख ५० हजार मध्ये चालु आर्थिक वर्षको जेठ मसान्तसम्म रकम रु.५ करोड ६३ लाख ५ हजार ५ सय साठ्ठी मात्र खर्च भई झण्डै ८८.३९ प्रतिशत खर्च भएको छ।

३. सामुदायिक विद्यालयमा बाल विकास कक्षादेखि कक्षा १० सम्म निःशुल्क शिक्षा कार्यान्वयनका लागि विद्यालय अनुदानको रुपमा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानको रुपमा मार्फत विद्यालय तहको शिक्षामा गुणस्तर अभिवृद्धिमा टेवा पुगेको छ। चालु आर्थिक वर्षमा अति विपन्न, अभिभावक गुमाएका, पारिवारिक विचलनमा परेका बालबालिकाहरुका लागि स्टेशनरी वितरण गरी शिक्षामा पहुँच वृद्धि भएको छ। गाउँपालिबाट शैक्षिक पात्रो निर्माण गरी गाउँपालिकाभित्रका क्रियाकलापमा एकरुपता र प्रभावकारी सिर्जना गरिएको छ।शिक्षकहरुका लागि क्षमता विकास कार्यक्रमका अवसरहरु प्रदान गरिएको छ। अध्यक्ष कप फुटबल प्रतियोगिता, बुक फ्रि फ्राइडे, स्काउट लगायतका क्रियाकलाप सञ्चालन गरिएको छ। संस्थागत विद्यालयहरुहरुको नियमनसहित कम्तिमा दश प्रतिशत विधार्थीलाई छात्रवृत्ति प्रदान गर्ने कार्य अगाडी बढाइएको छ।

**स्वास्थ्य क्षेत्र**

४. १ बर्ष मुनिका बालबालिकाहरु मध्ये BCG खोप पाएको ८३ प्रतिशत, DPT हेपटाइटिस वि को तेस्रो मात्रा पाएको ९६ प्रतिशत र दादुरा रुबेला दोस्रो मात्रा पाएको १०२ प्रतिशत रहेको छ। परिवार नियोजन कार्यक्रम तर्फ परिवार नियोजन प्रयोग दर ४०.५ प्रतिशत रहेको छ। संस्थागत प्रसुति तर्फ राप्ती गाउँपालिकाको बर्थिङ सेन्टरबाट प्रसुति हुने ७५ प्रतिशत रहेको छ। उत्तर प्रसुति जाँच पहिलो पटक १०० प्रतिशत र ४ पटक ५६ प्रतिशत रहेको छ। यस आ.व.मा थप २ वटा सामुदायीक स्वास्थ्य इकाई स्थापना गरी संचालनमा रहेको छ भने १ वटा संचालनको तयारीमा रहेको छ। १५ सैयाको राप्ती आधारभुत अस्पतालको भवन निर्माण कार्य सम्पन्न भई संचालनको तयारीमा रहेको छ। १२ वटा गाउँघर क्लिनिक संचालनमा रहेकोमा यस आ.व.मा ७ वटा गाउँघर क्लिनिक थप गरी १९ वटा गाउँघर क्लिनिकबाट सेवा प्रवाह गरिएको छ। तिलगंगा आँखा अस्पताल सँग सहकार्य गरी राप्ती गाउँपालिका लगायत विभिन्न पालिकाको १००० बढीको नि:शुल्क मोतिविन्दुको शल्यकृया गरिएको छ। क्यान्सर रोग लगायत विभिन्न सर्ने तथा नसर्ने रोग सम्बन्धि ८ पटक विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरी १२०० बढीको स्वास्थ्य जाँच तथा उपचार गरिएको छ। लालमटिया स्वास्थ्य चौकी र सिसहनिया स्वास्थ्य चौकीमा मेडिकलअधिकृत सहितको आकष्मिक सेवा सञ्चालन गरी सेवा प्रवाह भैरहेको छ।

५. स्वास्थ्यका सूचकहरुमा लगातार तेस्रो पटक जिल्लामा उत्कृष्ट हुन सफल भएको छ। हात्ती पाइले विरुद्ध आम औषधी सेवन अभियानमा लुम्बिनी प्रदेशमा उत्कृष्ट भई संघीय सरकार र WHO बाट सम्मानित भएको छ।

**महिला, बालबालिका, जेष्ठ नागरिक तथा सामाजिक समावेशीकरण**

६. चालु आ.व. मा अनाथ बालबालिकालाई अनाथ भत्ता ३ लाख ८४ हजार, अपाङ्गता र जेष्ठ नागरिकलाई २२ वटा ह्विलचियर वितरण, जेष्ठ नागरिक दिवा सेवा केन्द्र ९ स्थानमा गरिएको छ। १० जना दृष्टिविहिनहरुलाई सेतो छडि वितरण

गरिएको छ । निल सागर सेवाश्रमलाई सञ्चालन खर्च उपलब्ध गराइएको छ । निरन्तर रुपमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुका लागि परिचयपत्र वितरण कार्य गरिएको छ ।

**खानेपानी तथा सरसफाई क्षेत्र**

**७.** राप्ती गाउँपालिकामा सरसफाई केन्द्र स्थापना गरी सरसफाई सम्बन्धित कार्य मार्फत शुन्य फोहोरको अवधारणालाई कार्यान्वयन गरिएको छ । ३० जना ग्रामिण मर्मत सम्भार कार्यकर्ताको क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ । विद्यालय तथा स्वास्थ्य संस्थामा १०० वटा डस्टविन वितरण गरिएको छ ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण**

८. सामाजिक सुरक्षाभत्तालाई पूर्ण रुपमा बैंकिङ प्रणाली मार्फत वितरण गरिएको छ। सामाजिक सुरक्षाभत्ता राप्ती गाउँपालिकाको दुर्गम पहाडी क्षेत्रमा घरदैलोमा नै पुगी बैंक मार्फत वितरण गरिएको छ । व्यक्तिगत घटना दर्ता सप्ताह सञ्चालन गरिएको छ । ४ हजार २ सय ३३ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

**कृषि विकास**

९. ५० प्रतिशत अनुदानमा गहुँको उन्नत विउ २ सय ७६ क्वीन्टल, धानको उन्नत विउ ६८ क्विन्टल वितरण गरिएको छ । क्षेत्रफलमा आधारित तरकारी उत्पादनका लागि प्रोत्साहन सहयोग ८७ जना किसानलाई प्रदान गरिएको छ । तरकारी पकेट विकास कार्यक्रम वडा नं. ६ मा कृषि सहकारी मार्फत २० हेक्टरमा तरकारी पकेट विकास कार्यक्रम सञ्चालन गरिएको छ । करार खेती अन्तरगत २० जना किसानहरुको जग्गाको भाडा तिर्ने कार्यक्रम सम्पन्न भएको छ । कष्टम हाइरिङको स्थापना तथा सञ्चालन गरिएको छ । पुष्प खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ ।

**पशुपंक्षी तथा मत्स्य विकास क्षेत्र**

१०.दुध उत्पादनमा आधारित अनुदानबाट १६० जना कृषकको २ लाख ३६ हजार लि दुधको अनुदान प्रदान गरिएको छ । हिउदे तथा बर्षे घाँसको बिउ गरी जम्मा ७०५ परिवारलाई ३५ क्विन्टल उन्नत घाँसको बिउ बितरण गरिएको छ ।

११.३ वटा पशुसेवा केन्द्र मार्फत १९ हजार १२ पशुपन्छीमा उपचार गरिएको, ९०२ पशुमा ल्याब परिक्षण गरिएकोमा यसबाट ३ हजार ५सय घरधुरी लाभान्वित भएकाछन् ।

१२. बाख्राहरुमा पि पि आर २४ हजार गाईभैसीमा एफ एम डि ११ हजार तथा एल एस डि ६ हजार खोप ५ हजार बंगुरमा स्वाईन फिभर भ्याक्सिन लगाईएको ,३५० कुकुरहरुमा रेबिज खोप कार्यक्रम सञ्चालन गरिएको छ ।

१३. भेटेरीनरी अस्पताल तथा पशुसेवा बिज्ञकेन्द्रको साझेदारीमा ३२० कुकुरहरुमा बन्ध्याकरण गरिएको छ ।

१४. पशुस्वास्थ शिविर मार्फत दुर्गम स्थानका ५० पशुहरुमा उपचार गरिएको छ । हाल सम्मको पशुपंक्षी तथा मत्स्य विकास क्षेत्र बित्तिय प्रगती ८० प्रतिशत रहेको छ ।

**सहकारी क्षेत्र**

१५. सहकारीहरुको संजाल गठन गरिएको छ । सहकारी क्षेत्रको नियमित अनुगमन नियमन भएको छ । सहकारीका व्यवस्थापक र अध्यक्षहरुका लक्षित गरी कार्यशाला सञ्चालन गरिएको छ ।

**भूमि सेवा केन्द्र**

१६. फाराम भरेका र निस्सा प्राप्त भएका सम्पूर्ण जग्गाहरुको नापनक्सा कार्य ५ नं वडा बाहेक सम्पन्न भएको छ।

**पूर्वाधार विकास**

१७. राप्ती गाउँपालिकाभित्र चालु आ.व. को जेठ मसान्तसम्म कालोपत्रे सडक १ हजार १सय मिटर, ग्रावेल सडक ८ हजार ५ सय मिटर, सडक स्तरोन्नती ७ हजार ५सय मिटर, वडा नं ३ को प्रशासनिक भवन निर्माण ५० प्रतिशत निर्माण कार्य पुरा भएको छ, गाउँपालिकाभित्र वडासमेतमा गरी ३ हजार ५ सय मिटर सडक नाला निर्माण भएको छ। ४०० मिटर कुलो निर्माण भएको छ।

**श्रम, रोजगार तथा उद्यम विकास**

१८. बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने कार्य गरिएको छ । न्यूनतम रोजगार कार्यक्रम अन्तर्गत पालिकामा सूचिकृत १०० जना बेरोजगार ब्यक्तिहरुलाई रोजगारी उपलब्ध गराईएको छ। पुन: श्रम स्वीकृती लिन चाहने व्यक्तिका लागि आवश्यक सहजिकरण गरिएको छ । गाउँपालिका मार्फत सञ्चालन भएका आयोजनाहरुमा उपलब्ध रोजगारीको तथ्याङ्क अध्यावधिक गरिएको छ । उद्यमी बन्न चाहनेहरुका लागि राप्तीका युवा र महिला उद्यमशीलतामा पहिला कार्यक्रम मार्फत क्रियाकलाप सञ्चालन गरिएको छ। गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम मार्फत ३० जना बेरोजगार व्यक्तिहरुलाई उद्यमशीलता विकास तालिम तथा सीप विकास कार्यक्रम सञ्चालन गरिएको छ।

१९. उद्यमशीलता तथा सीप विकास अन्तरगत चालु आ.व. मा वडा नं ६ मा प्राङ्गारिक मल उद्योगको स्थापना भएको छ। वडा नं १ मा भालुवाङमा तान उद्योगको स्थापना भई कार्य सुरु भएको छ। वडा नं ५ मा करङ्गेमा बाँसबाट फर्निचर बनाउने उद्योग सञ्चालन भएको छ। ४५४ जनालाई आवेदक मध्ये २५० जनालाई उद्यमशीलता तथा सीप विकास सम्बन्धी उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरिएकोमा १५० जनालाई प्रविधिसहितको सीप विकास तालिम प्रदान गरिएको छ।

**सुशासन तथा संस्थागत सेवा प्रवाह**

२०. कर्मचारी तथा जनप्रतिनिधीको क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ। राप्ती गाउँपालिकामा विद्युतिय हाजिरी पूर्ण रुपमा प्रयोगमा ल्याइएको छ। योजना व्यवस्थापन प्रणालीलाई सूचना प्रविधिमैत्री बनाइएको छ।

२१. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा आ.व. ९३ अंक प्राप्त भई देशभरमा २२ र लुम्बिनीमा छैठौं तथा दाङ जिल्लामा प्रथम स्थान हासिल गरेको छ। FRA मा ९५ अंकसहित लुम्बिनी प्रदेशमा प्रथम र देशभरमा आठौं स्थान हासिल भएको छ। यसबाट विभिन्न कार्यक्रम र अनुदानमा समेत वृद्धि भएको छ।

**न्यायिक समिति**

**२२.** न्यायिक समितिमा परेका उजुरीहरु मध्ये ५५ वटा उजुरी दर्ता भएको मध्ये ४९ वटा उजुरीको निरुपन भएको छ। न्यायिक इजलास कक्ष स्थापना भएको छ।

**वन वातावरण तथा विपद व्यवस्थापन तर्फ**

२३. चालु आ.व. को जेठमसान्तसम्म ७७ परिवारलाई राहत वितरण गरिएको छ। गाउँपालिका क्षेत्रभित्र ५००० भन्दा बढी फलफुल तथा हरियाली प्रवर्द्धनका लागि वृक्षारोपण गरिएको छ। मोटर जडित अग्नी नियन्त्रण प्रणालीसहितको पानी ट्यांकरको व्यवस्था गरिएको छ ।

सभाका अध्यक्ष महोदय,

२४. अव म उल्लेखित प्रगतीका क्रममा भोगिएका मुख्य मुख्य समस्या तथा चुनौतिहरु प्रस्तुत गर्दछु।

- अर्थतन्त्रमा आएको मन्दीसँगै राजश्व बाँडफाँड, समानीकरण अनुदान तर्फ प्राप्त सिलिङ बमोजिमको रकम प्राप्त हुन नसक्नु,
- स्थानीय तह र अन्य संघीय तथा प्रदेश तहका बाँझिएका कानूनका कारण कार्यसम्पादनमा प्रभावकारिता नआउनु।
- असीमित जनताका आकांक्षा र सीमित स्रोत साधन बीच तालमेल गरी अधिकतम जनसन्तुष्टी कायम गर्नु।
- विकास निर्माण र व्यवस्थापनमा अर्थपूर्ण जनसहभागीता कायम गर्नु।
- जनप्रतिनीधि र कर्मचारी प्रतिको नागरिकको दृष्टिकोण सकरात्मक तुल्याउनु।

सभाका अध्यक्ष महोदय,

२५. उल्लेखित उपलब्धी, समस्या र चुनौतिका आधारमा आर्थिक वर्ष २०८१।८२ को बजेट तथा कार्यक्रम निर्माणका निम्नलिखित आधारहरु प्रस्तुत गर्दछु।

- नेपालको संविधान
- संघ,प्रदेश र स्थानीय तहका आवधिक योजना
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघ,प्रदेश र स्थानीय तहका कानूनहरु
- दिगो विकासका लक्ष्य २०१६ देखि २०३०
- राप्ती गाउँपालिकाको आ.व. २०८१/०८२ वार्षिक नीति तथा कार्यक्रम
- विभिन्न सरोकारवालासँगको छलफलबाट प्राप्त सुझाव तथा राप्तीवासी जनताका आवश्यकता र अपेक्षा

सभा अध्यक्ष महोदय,

२६. अब म उल्लेखित उपलब्धी, समस्या तथा बजेट निर्माणका लागि लिइएका आधारहरु बमोजिम आर्थिक वर्ष २०८१।८२ को बजेट तथा कार्यक्रमका उद्देश्यहरु पेश गर्दछु ।

- शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, उद्यमशीलता, पूर्वाधार विकास पर्यटन प्राथमिकतासहितका क्रियाकलाप सञ्चालन गर्नु
- विकास, सुशासन र सेवा प्रवाहलाई अपेक्षाकृत रुपमा नागरिकमैत्री बनाउने।

सभा अध्यक्ष महोदय,

२७. उल्लेखित उद्देश्यहरु पुरा गर्न सम्मानित सभा समक्ष राप्ती गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१।०८२ का बजेट तथा कार्यक्रमको प्राथमिकताहरु निम्नानुसार निर्धारण गरेको छु ।

- शिक्षा, स्वास्थ्य,
- कृषि, रोजगारी, उद्यमशीलता, पर्यटन
- दिगो पूर्वाधारका विकास
- विपद् व्यवस्थापन, हरियाली प्रवर्धन तथा वातारण संरक्षण
- सुशासन,सूचना प्रविधि र गुणस्तरिय सेवा प्रवाह

सभा अध्यक्ष महोदय,

**सामाजिक विकास क्षेत्र**

२८. बजेटका उल्लेखित उद्देश्य र प्राथमिकताका आधारमा राप्ती गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रमका मुख्य मुख्य व्यवस्थाहरु सहितको बजेट तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

२९. सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बाल विकास देखि कक्षा १० सम्म निःशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिदै रु ५ करोड ३२ लाख विनियोजन गरेको छु ।

३०. विद्यालय शिक्षामा गुणस्तर, पहुँच, समता, प्रविधिसहितको सीपयुक्त शिक्षा प्रदान गर्न, विद्यार्थीका लागि पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन, प्रतिस्पर्धाका आधारमा कार्यसम्पादनलाई दण्ड र पुरस्कारसँग आवद्ध गर्न, धार्मिक विद्यालयहरुको सञ्चालन तथा व्यवस्थापन गर्न, अभिभावक गुमाएका, पारिवारिक विचलनमा परेका समेत बालबालिकाहरुको लागि आवश्यक रकम विनियोजन गरेकोछु ।

३१. विद्यार्थी तथा युवाहरुको सर्वाङ्गीण विकासका लागि राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता, राप्ती कप खेलकुद प्रतियोगिता, खेल सहभागीता, खेलकुद क्षेत्रसँग सहकार्य, प्रतियोगिता आयोजना लगायत खेल कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३२. सामुदायिक विद्यालयमा निःशुल्क पाठ्यपुस्तक,छात्रवृत्ति, छात्राहरुका लागि सेनिटरीप्याड, तोकिएको कक्षाका सामुदायिक विद्यालयमा दिवाखाजा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यक्रम सञ्चालनलाई आवश्यक रकम विनियोजन गरेको छु ।

३३. शिक्षा तर्फ संघीय सशर्त अनुदान रकम रु १६ करोड ४७ लाख ३९ हजार, विशेष अनुदान १ करोड ५० लाख र गाउँपालिका तर्फ रु. ६ करोड ४७ लाख गरी जम्मा रु २४ करोड ४४ लाख २९ हजार कुल विनियोजनको करिब ३५ प्रतिशत शिक्षा तर्फ विनियोजन गरेको छु ।

३४. आधारभूत स्वास्थ्य सेवामा उपचारात्मक, प्रबर्धनात्मक, प्रतिकारात्मक, पुनस्थापनात्मक तथा प्रशामक स्याहार कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३५. वडास्तरमा ६८ वर्ष भन्दा माथिका जेष्ठ नागरिक,अशक्त बेसाहारा नागरिकहरुलाई स्थलगत रुपमा घुम्ती विशेषज्ञ शिविर सञ्चालन गरिनेछ । ८० वर्ष माथिका जेष्ठ नागरिक तथा बेसाहारा,अपाङ्गता भएका क र ख वर्गका व्यक्तिहरु,

गर्भवती तथा प्रसुति सेवाका लागि गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थासम्म पुग्न निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरताका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

३६. परिवार नियोजन, पोषण, खोप, मानसिक स्वास्थ्य परामर्शका साथै जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विद्यालयका बालबालिकाहरुको स्वास्थ्य जाँच तथा उपचारका लागि स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता प्रदान गर्दै सरकारी,गैरसरकारी तथा निजी संस्थासँग समन्वय गरी कार्यक्रम सञ्चालन तथा नियमनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३७. आयुर्वेद, योग, प्राकृतिक, वैकल्पिक चिकित्सा सम्बन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

३८. आगामी आर्थिक वर्षमा भालुवाङ अस्पतालबाट विशेषज्ञ सेवा सञ्चालनका लागि प्रदेश सरकारसँग सहकार्य गर्दै राप्ती आधारभूत अस्पतालमा विशेषज्ञ सेवा सञ्चालनमा ल्याउने गरी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३९. स्वास्थ्य तर्फ संघीय सशर्त तर्फ रकम रु २ करोड ४० लाख २५ हजार र गाउँपालिका तर्फ रु ३ करोड ८५ लाख गरी जम्मा रु ६ करोड २५ लाख २५ हजार विनियोजन गरेको छु ।

४०. लैङ्गीक समानता, समता, सामाजिक समावेशीकरण, समानुपातिक प्रतिनिधित्व, महिला,अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरुको लागि सहयोग र सशक्तिकरण सम्बन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

४१. कुप्रथा, बाल विवाह, बालश्रम, दुर्व्यवहार, लागु पदार्थ दुर्व्यसनी, दाइजो प्रथा, घरेलुहिंसा, लैङ्गिकहिंसा,जातीय विभेद तथा यौनिक अल्प सङ्ख्यक विभेदको न्यूनिकरणका कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४२. थारु,मगर, गुरुङ्, दलित समुदाय लक्षित गरी परम्परागत पेशा र सीपलाई संरक्षण र प्रवर्द्धन गर्ने कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४३. भूमीहिन, सुकुम्बासी, मुक्त कमैया, कमलरी, अव्यवस्थित बसोबासीका लागि आगामी आर्थिक वर्षमा जग्गाको लालपूर्जा वितरणको काम अगाडि बढाउन, सीपयुक्त आयमूलक कार्यक्रम सञ्चालन तथा मुक्त कमैयाको पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४४. जनयुद्ध, जनआन्दोल, मधेश आन्दोलन तथा थरुहट आन्दोलनको क्रममा सहिद, बेपत्ता,घाइते, अपाङ्गता भएका परिवारका सदस्य र द्धन्द पीडितका लागि विशेष कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४५. बालमैत्री गाउँपालिका घोषणाका लागि सम्भाव्यता र प्राथमिकताका आधारमा बालमैत्री वडा घोषणा कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४६. सहयोगापेक्षी सडक मानवमुक्त गाउँपालिका अभियानलाई निरन्तरताका आवश्यक व्यवस्था गरेको छु ।

४७. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक समावेशीकरण कार्यका लागि कार्यक्रम सञ्चालनका लागि रकम रु. ५२ लाख ५० हजार विनियोजन गरेको छु ।

४८. खानेपानी तथा सरसफाईको सुनिश्चितता गर्न प्रवर्धनात्मक, संरचनात्मक र उपचारात्मक पद्धतिको अवलम्बन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४९. सरसफाई केन्द्रलाई आधुनिक प्रविधियुक्त बनाई शून्य फोहोरको अवधारणामा सञ्चालन गरिनेछ । प्रदेश सरकारको समन्वयमा राजधानीको सरसफाई केन्द्रको रुपमा विकास गरिनेछ । सरसफाई रनिङशिल्ड कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५०. सरसफाई तथा स्वच्छता तर्फ उल्लेखित कार्य गर्न ७० लाख रकम विनियोजन गरेको छु ।

**५१.** थारु, मगर, गुरुङ, कुमाल लगायत अन्य जातीहरुका भाषा,धर्म, कला, संस्कृति, सम्पदा र परम्परालाई संरक्षण र प्रवर्धन गर्न रकम रु. २८ लाख विनियोजन गरेको छु ।

**५२.**

**सभाध्यक्ष महोदय,**

अवमा आर्थिक विकास क्षेत्र तर्फको बजेट तथा कार्यक्रम पेश गर्दछु ।

**आर्थिक विकास क्षेत्र**

५३. राप्तीको शान उत्पादन वृद्धि गर्ने किसानलाई हाम्रो सम्मान भन्ने कार्यक्रम गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५४. कृषि उपज संकलन केन्द्र तथा कृषि एम्बुलेन्स सञ्चालनमा ल्याई "**उत्पादन साथमा अनुदान हातमा"** भन्ने व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५५. घरदैलोमा प्राविधिक सेवा उत्पादनमा टेवा भन्ने मर्मलाई कार्यान्वयन गर्न प्रदेश सरकार तथा कृषि प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुसँगको साझेदारीमा जनशक्ती परिचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५६. अर्गानीक खेती प्रणालीको विकासका लागि जैविक तथा प्राङ्गारिक मल उद्योगलाई प्रवर्द्धन,रासायनिक विषादीको उपयोगलाई निरुत्साहित गरी जैविक विषादीको प्रवर्द्धन गर्न, स्वरोजगार हुन चाहने मुक्त कमैया, भूमिहिन, सुकुम्वासी लगायतका विपन्न परिवारलाई लक्षित गरी करार तथा बगर खेती कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५७. कृषि विकास तर्फ संघीय सशर्त अनुदान रु. ६६ लाख १ हजार, प्रदेशबाट रु. १ करोड ३५ लाख र गाउँपालिकाबाट रु.८४ लाख ५ हजार गरी २ करोड ८५ लाख ६ हजार विनियोजन गरेको छु ।

५८. स्वस्थकर पशुजन्य उत्पादन ( दुध, अन्डा,माछा, मासु), पशुपन्छी स्वास्थ्य प्रबर्धनका लागि पशुपन्छी उपचारकेन्द्र मार्फत निशुल्क पशु उपचार तथा भ्याक्सीनेशन कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५९. पशुपालन गर्ने कृषकहरुलाई प्रेरित गर्न विभिन्न उन्नत घाँसका बीउ,बहुबर्षिय तथा डाले घाँसका सेट्स तथा बेर्ना बितरण तथा प्रोत्साहनका कार्यक्रम, बाख्रा स्रोत केन्द्र विकास गर्ने तथा बंगुरपालन लगायतका कार्यक्रमका लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

६०. पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम, पशुवृद्धाश्रमलाई रैथाने गाई संरक्षण लगायत बहुउपयोगी आयोजना तथा एकिकृत कृषि तथा पशु सेवा केन्द्र सञ्चालनका आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६१. पशुपालक कृषकका लागि दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६२. पशुपंक्षी तथा मत्स्य विकास कार्यका लागि संघीय सरकारबाट १७ लाख ९७ हजार, प्रदेश सरकारबाट रु. १० लाख र गाउँपालिकाबाट रकम रु. ५८ लाख ५० हजार गरी ८६ लाख २० हजार विनियोजन गरेको छु ।

**राप्तीका युवा र महिला उद्यमशीलतामा पहिला"**

६३. **"राप्तीका युवा र महिला: उद्यमशीलतामा पहिला"** भन्ने मूल ध्येयलाई कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । अध्यक्षसँग युवा नवप्रवर्द्धन कार्यक्रमका लागि आवश्यक रकमको व्यवस्था गरेको छु । महिला उद्यमी व्यावसाय प्रोत्साहन कार्यक्रमका लागि आवश्यक रकमको व्यवस्था गरेको छु । रोजगार कार्यक्रमसँग साझेदारी र श्रमिक सुरक्षा कोष साझेदारीका लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

६४. समग्रमा श्रम, रोजगारी र उद्यमशिलताका लागि जम्मा रु ५० लाख विनियोन गरेको छु ।

**वन, वातावरण, विपद व्यवस्थापन**

**६५.** वन वातावरण तथा विपद व्यवस्थापन कार्यका लागि ४४ लाख विनियोजन गरेको छु ।

**पूर्वाधार विकास**

६६. राप्ती चक्रपथको दक्षिण खण्डको सडक निर्माणका लागि रकम रु.२ करोड विनियोजन गरेको छु । वडा नं ३ को प्रशासकीय भवन निर्माणका लागि रु १ करोड विनियोजन गरेको छु । राप्ती भ्यूमार्गको लागि आवश्यक रकम विनियोजन गरेको छु । राप्ती गाउँपालिका वडा १ र २ कटेशनाला चोरपानी टोलमा पुलको लागि आवश्यक रकम विनियोजन गरेको छु । अन्य पूर्वाधार विकासका लागि २ करोड ५ लाख ५० हजार विनियोजन गरेको छु । वडा तर्फ पूर्वाधार विकासका लागि रकम रु. ३ करोड ९२ लाख ८८ हजार भएको छ ।

६७. मर्मत संभार कोषका तर्फ रु. ३० लाख विनियोजन गरेको छु । सुरक्षित आवास कार्यक्रमका लागि रु. २२ लाख विनियोजन गरेको छु ।

६८. पूर्वाधार विकासका लागि जम्मा रकम रु. ११ करोड ४४ लाख ८३ हजार विनियोजन गरेको छु ।

**न्यायिक समिति**

६९. न्यायिक समिति मार्फत छिटो छरितो र प्रभावकारी मेलमिलाप तथा विवाद निरुपण प्रक्रिया अपनाउन अनलाइन उजुरी लिने प्रणाली तथा साइबर कानून, सामाजिक सञ्जाल तथा आधारभूत कानूनी शिक्षाको प्रयोग सम्बन्धी कार्यक्रमका लागि बजेटको व्यवस्था गरेको छु ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण**

७०. घटना दर्ता अभिलेखमा वायोमेट्रिक प्रणाली अवलम्बन गर्न तथा स्थानीय तहमा अति विपन्न परिवार, सुविधाबाट वञ्चित तथा असक्त बेसाहारा व्यक्तिहरुको लागि सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**स्थानीय राजस्व परिचालन**

७१. हाम्रो कर हाम्रै विकासका लागि भन्ने मूल अभिप्रायका साथ करदाता शिक्षालाई टोल तहसम्म सञ्चालन गरी करको दर र दायरालाई वैज्ञानिक र प्रगतिशिल तुल्याउँदै स्वचालित कर प्रणालीको विकास तथा सम्पती कर व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७२. यस गाउँपालिकाभित्र सम्वत २०८१ साल जेठ मसान्तसम्म निर्माण भएका घर संरचनाहरुको हालसम्म अभिलेखीकरण नभएकोले एकपटकका लागि अभिलेखीकरण खुल्ला गर्ने र सो भन्दा पछी निर्माण हुने घर तथा

संरचनाहरुको हकमा भवन निर्माण तथा योजना मापदण्ड बमोजिम अनिवार्य नक्सा पास गरी संरचना निर्माणको लागि खुल्ला गर्ने प्रयोजनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**सुशासन, संस्थागत व्यवस्थापन र सेवा प्रवाह**

७३. विकास र सेवा प्रवाहको व्यवस्थापन जनमैत्री बनाउन, शासनमा सुशासन कायम गर्न, सूचना प्रविधिमा आधारित सेवा प्रवाह गर्न, जनप्रतिनीधि तथा कर्मचारीहरुको क्षमता विकास गर्न, जनशक्तिको प्रभावकारी परिचालन गर्न, कर्मचारीहरुलाई उत्प्रेरणा प्रकट गर्न सुशासन, संस्थागत व्यवस्थापन र सेवा प्रवाहमा आवश्यक बजेटको व्यवस्था गरेको छु । पत्रकारिता विकास सम्बन्धी कार्यक्रमका लागि आवश्यक रकमको विनियोजन गरिएको छ ।

७४. संस्थागत सुशासन र अभिलेख प्रणालीको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

७५. नागरिक सूचना प्रणालीको कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म आ व २०८१ ।८२ को आय तथा व्यय अनुमान पेश गर्दछु ।

७६. चालु तर्फ संघीय सरकारको रु २० करोड २५ लाख २४ हजार , प्रदेश सरकारको रु १२ लाख र पालिका तर्फको रु. १० **करोड ३० लाख सहित ३० करोड ६७ लाख** २४ हजार कुल विनियोजन को **४४.७२ प्रतिशत** विनियोजन गरेको छु । पुँजीगत तर्फ संघीय सरकारको **रु ४ करोड २ लाख** , प्रदेश सरकारको **३ करोड** र गाउँपालिका तर्फको पूँजीगत **रु ३० करोड ३ लाख ५० हजार** गरी जम्मा **रु ३७ करोड ५ लाख ५० हजार कुल विनियोजनको ५४. ०३ प्रतिशत** विनियोजन गरेको छु ।

७७. वडा कार्यालयको प्रशासनिक खर्च रु. **४५ लाख** र पालिका तर्फ रु. **९ करोड ८५ लाख** सहित प्रशासनिक खर्च **रु १० करोड ३०** लाख कुल विनियोजनको **१५.०१ प्रतिशत** मात्र विनियोजन गरेको छु । चालु आवको तुलनामा आगामी **आर्थिक वर्षमा प्रशासनिक खर्च ५.९३ प्रतिशतले** घटाएको छु ।

७८. उल्लेखित कुल खर्चका लागि संघीय सरकारको प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट **रु. १३ करोड २० लाख** , शसर्त अनुदान **रु. २२ करोड ४ लाख २४ हजार** , समपुरक अनुदानबाट **रु १ करोड**, विशेष अनुदानबाट **रु १ करोड ५०** लाख र राजस्व बाँडफाँडबाट **रु ११ करोड ९१ लाख** गरी जम्मा रु **४९ करोड ६५ लाख २४ हजार** , प्रदेश सरकारको वित्तीय समानिकरण अनुदानबाट **रु ९१ लाख १ हजार**, प्रदेश सशर्त अनुदान **३ करोड २ लाख**, समपुरक अनुदान **रु ७० लाख** र राजस्व बाँडफाँड तर्फ **रु.६२ लाख ७२ हजार** गरी जम्मा **रु ५ करोड २५ लाख ७३ हजार** तथा आन्तरिक स्रोत रोयल्टी बाँडफाँटबाट ३ करोड ५० लाख, घरजग्गा रजिष्ट्रेशन तर्फ रु**. २ करोड ६८ लाख ७७ हजार** र चालु आवको मौज्दात समेत **रु ७ करोड ५० लाख** गरी जम्मा रु **६८ करोड ५९ लाख** ७४ हजार आय हुने अनुमान गरेको छु । चालु आव को प्रस्तावित आय अनुमान **रु ६६ करोड ३८ लाख ८३ हजार**को तुलनामा आगामी वर्षको आय अनुमान **रु. २ करोड २० लाख ९१ हजार ( ३.३२ प्रतिशत)** ले बढि हुन पुगेको छ ।

७९. चालु आर्थिक वर्षको आन्तरिक राजश्व तर्फको अनुमान रु. १३१६४४०००।- भएकोमा आगामी आर्थिक वर्षमा आन्तरिक आय तर्फ राजश्वको अनुमान रु. १३६८७७०००।- गरेको छु । यसका लागि भूमी कर खारेज गरी सम्पती कर प्रणालीमा लैजाने व्यवस्था गरेको छु । घर बहाल कर अभियान सञ्चालनका लागि वडा तहलाई सक्रिय गराइनेछ ।

शुल्क तथा दस्तुरलाई वैज्ञानिक तुल्याउँदै विटौरी शुल्कको दायरा बढाइनेछ । व्यावसाय कर तर्फ नविकरणलाई औषतमा २५ प्रतिशत घटाई करको दायरालाई फराकिलो बनाइनेछ । करदाता शिक्षा अभियानलाई करदातामैत्री बनाई आन्तरिक आय वृद्धि हुने विश्वास लिएको छु ।

८०. आगामी आर्थिक वर्षको लागि विनियोजन भएको गाउँपालिकाभित्रका क्षेत्रगत तथा वडागत बजेट तथा कार्यक्रम अनुसूचीमा संलग्न राखी पेश गरेको छु ।

सभाध्यक्ष महोदय,

प्रस्तुत आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम निर्माणका लागि आफ्ना अमूल्य राय, सूझाव प्रस्तुत गर्नुहुने सम्पुर्ण जनप्रतिनिधी, राजनीतिक दल, प्रमुख प्रशासकीय अधिकृत सहित सम्पुर्ण राष्ट्रसेवक कर्मचारी एवं शिक्षक , समाजसेवी, बुद्धिजिवी, सञ्चारकर्मी, विभिन्न संघ संस्थाका प्रतिनिधि ,सकारात्मक सल्लाह ,सुझाव तथा मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्षज्यू एवं सम्पुर्ण राप्तीबासी नागरिकहरुमा हार्दिक धन्यवाद एव आभार व्यक्त गर्दछु । प्रस्तुत बजेट तथा कार्यक्रमको कार्यान्वयनमा समेत यहाँहरुको अर्थपूर्ण सहभागीता, सहकार्य र सहयोग हुन्छ भन्ने विश्वास लिएको छु ।
धन्यवाद ।

कमलापति चौधरी
उपाध्यक्ष
राप्ती गाउँपालिका, मसुरिया देउखुरी दाङ

ईति सम्बत २०८१ असार महिनाको ९ गते रोज १ शुभम् ।